नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ८ गते २०४० साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल मेटल ट्रेडिङ्ग कम्पनी प्राइभेट लिमिटेडले हस्तकला तथा धातु उद्योगीहरूलाई बिक्री वितरण गर्नको लागि आ. व. २०४०।४१ मा निम्न धातुहरू निम्न परिमाणमा आयात गर्दा लाग्ने भन्सार महसूल एक प्रतिशत मात्र लिने र बिक्री कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

धातुको नाम	परिमाण
१. तामा पाता	१५ (पन्ध्र) मेट्रिक टन।
२. पित्तल पाता	१५ (पन्ध्र) मेट्रिक टन।
३. पित्तल इनगट	१० (दश) मेट्रिक टन।
४. पित्तल वायर	५ (पाँच) मेट्रिक टन।
५. जिङ्क इनगट	१५ (पन्ध्र) मेट्रिक टन।
६. तामा इनगट वा तामाबाट बनेको वायर स्क्रेप	५० (पचास) मेट्रिक टन।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारका सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

292

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।